सुर्खेत जिल्ला अदालत
बीरेन्द्रनगर, सुर्खेत
☎ ०८३-५२०३३५/०८३-५२०२३५

प.स. २०७७/७८
च.नं.

मितिः २०७८/४/१२

## यस अदालतको सेवा प्रवाहसम्बन्धी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, रोकथाम र उपचारका लागि जिल्ला प्रशासन कार्यालय लगायतका सम्बद्ध निकायहरूबाट बिभिन्न मितिमा जारी भएका निषेधाज्ञाका कारण सर्वसाधारणको आवागमनमा भएको असहजता तथा कोभिड १९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै मिति २०७८/१/१४ गतेदेखि यस अदालतबाट प्रवाह हुने सेवाहरू कटौती गरिएकोमा हालको अवस्थाको मूल्याङ्कन गरि सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८/४/१ को प्रेस बिज्ञप्तिसमेत जारी भएको सन्दर्भमा यस अदालतको सेवाप्रवाहका सम्बन्धमा निम्नानुसार हुने ब्यहोरा सरोकारवालाहरू सबैको जानकारीका लागि अनुरोध छ।

- **मिति २०७८/४/१५ गतेदेखि स्वास्थ्य सुरक्षासम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डहरूको अनिवार्य पालना हुने गरी यस अदालतबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरू(मुद्दाको निममित पेशी सुनुवाई बाहेक) नियमित रूपमा सञ्चालन गर्ने ।**

- **मिति २०७८/४/१७ गतेदेखि सबै मुद्दाहरूमा नियमानुसार नियमित पेशी सुनुवाई गर्ने ।**

- **मिति २०७८/१/१५ देखि मिति २०७८/४/१४ सम्मको अवधिको हदम्याद, म्याद र तारिख थाम्ने थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७७/२/१५ को आदेशबमोजिमको सुविधा मिति २०७८/४/१५ गतेदेखि लागू हुने गरि उपलब्ध गराउने ।**

४/१२

(यम प्रसाद बाँसकोटा)
सेरेस्तेदार (उप-सचिव)
सेरेस्तेदार उपसचिव

**पुनश्चः** <u>अदालतमा सेवा लिन आउँदा अनिवार्य रूपमा कोभिड-१९ बाट बच्नका लागि अवलम्बन गर्नुपर्ने स्वास्थ्य सुरक्षाका मापदण्डहरू (मास्क लगाउने, सेनिटाईजरको प्रयोग गर्ने लगायत) अवलम्बन गरेर मात्र आउन हुन अनुरोध छ ।</u>